# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः ७, श्रावण २३ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (छैटौं संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।४।२२

व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेकोछ :

१. दफा ६ (४) पछि उपदफा (५) थप "घ वर्ग निर्माण व्यवसायी इजाजत पत्रको कन्स्ट्रक्सनको नाम परिवर्तन गर्न चाहेमा देहायको कागजातका आधारमा सामान्य नामसारी दस्तुरको दोब्बर दस्तुर लिई दफा ४ (२) बमोजिमको मूल्याङ्कन समितिबाट नाम परिवर्तन गर्न सकिनेछ" :
   (क) पर्यटन तथा उद्योग कार्यालयबाट नाम परिवर्तन गरेको कागजात,
   (ख) पुरानो फर्मको नाममा कहीं कतै दायित्व नरहेको भनी नेपाल राष्ट्र बैंक र जिल्ला प्रहरी कार्यालयको पत्र ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत